# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ४, संख्याः १६, भाद्र २२ गते, २०७७ साल**


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन कार्यविधि (प्रथम संशोधन) २०७७

कार्यपालिकाबाट स्वीकृत मिति: २०७७५।२२

व्यास नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ४ (१) (ग) नगर स्तरीय कृषि समितिका अध्यक्ष -सदस्य को सट्टा नगर स्तरीय आर्थिक विकास समितिका संयोजक -सदस्य
   - (घ) नगर कार्यपालिका सदस्यहरु मध्ये एक जना-सदस्य को सट्टा नगर आर्थिक विकास समितिका सदस्य -सदस्य
   - (ङ) नगरपालिका पशु तथा कृषि विकास शाखा/उपशाखा प्रमुख-सदस्य को सट्टा नगरपालिका आर्थिक पूर्वाधार विकास शाखा प्रमुख-सदस्य
   - (ज) नगरपालिकाको कृषि शाखा/उपशाखा प्रमुख एक जना -सदस्य सचिव को सट्टा नगरपालिकाको कृषि विकास उपशाखा प्रमुख -सदस्य सचिव राखिएको छ ।

२. दफा १० (१) नगरपालिका क्षेत्र भित्रका कुनै पनि कृषि तथा पशु व्यवसाय गर्ने व्यक्ति, समूह वा कृषि सहकारीद्वारा देहायका प्रमाण सहित आवश्यक प्रक्रिया पुरा गरी आएमा नगरपालिका कृषि तथा पशु विकास शाखामा व्यवसाय, फर्म वा समूह दर्ता गरी प्रमाण पत्र उपलब्ध गराइनेछ को सट्टा नगरपालिका क्षेत्र भित्रका कुनै पनि कृषि तथा पशु व्यवसाय गर्ने व्यक्ति, समूह वा कृषि सहकारीद्वारा देहायका प्रमाण सहित आवश्यक प्रक्रिया पुरा गरी आएमा नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखाबाट व्यवसाय, फर्म वा समूह दर्ता गरी प्रमाण पत्र उपलब्ध गराइनेछ भन्ने राखिएको छः

३. दफा ११ (१) (घ) नगरपालिका कृषि/पशु विकास शाखाका प्राविधिक एक -सदस्य को सट्टा नगरपालिका आर्थिक पूर्वाधार विकास शाखा प्रमुख एक -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको योजना शाखाको प्राविधिक एक -सदस्य को सट्टा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाको प्राविधिक एक -सदस्य

(च) नगरपालिकाको कृषि/पशु शाखा प्रमुख -सदस्य सचिव को सट्टा नगरपालिकाको पशु उपशाखा प्रमुख -सदस्य सचिव भन्ने राखिएको छ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत